# कार्यपालिका बैठक -१

## प्रस्ताव/निर्णयहरु:-

**प्रस्ताव नं. १-** गत बैठकका निर्णयको समिक्षा सम्वन्धमा ।

**निर्णय नं. १-** यस अघि बसेका कार्यपालिका बैठकहरुबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक नै रहेको भएता पनि यसलाई थप सुदृढ गर्न कार्यान्वयनका क्रममा विगतमा देखिएका समस्याहरुको समाधान गर्दै निर्णयहरुको कार्यान्वयनलाई थप शिघ्र एवं चुस्त बनाउँदै लैजाने निर्णय गरियो ।

**प्रस्ताव नं. २-** सूचना प्रकाशन सम्वन्धमा ।

**निर्णय नं. २-** मिति २०७८ ज्येष्ठ मसान्तसम्म साविकको ठेक्का म्याद समाप्त भएका ताल पोखरीहरुको ठेक्काका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३-** अत्यावश्यक सडक मर्मत सम्वन्धमा ।

**निर्णय नं. ३-** वडा भित्रका अत्यावश्यक सडक मर्मतका लागि प्रत्येक वडामा रु. १ (एक) लाखमा नबढ्ने गरि कार्यादेश दिइ मर्मत संभारको कार्य गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४-** दिवश मनाउने सम्वन्धमा ।

**निर्णय नं. ४-** २०७८ श्रावण २८ (Aug 21, 2021) गते पर्ने अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा गाउँपालिकाको आयोजनामा वृहत रक्तदान कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५-** वक्यौता रकम असूल उपर सम्वन्धमा ।

**निर्णय नं. ५-** यस गाउँपालिकामा वक्यौता रकम दाखिला गर्नुपर्ने व्यक्ति/फर्म/संस्थालाई रकम दाखिला गर्न पटक-पटक ताकेता गरिएकोमा हालसम्म पनि रकम दाखिला नगरी अटेरी गर्ने व्यक्ति/फर्म/संस्थाका नाममा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना जारी गरी नियमानुसार कारवाही प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६-** जनशक्ति माग गर्ने सम्वन्धमा ।

**निर्णय नं. ६-** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेशको च.नं. ६१, मिति २०७८।०४।१५ को पत्रानुसार १ जना मत्स्य र ३ जना भेटेरिनेरी गरी ४ जना प्राविधिक जनशक्ति माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७-** योजना ठेक्का तथा सम्झौता सम्वन्धमा ।

**निर्णय नं. ७-** यस गाउँपालिकाबाट आ.व. २०७८।०७९ मा सञ्चालन हुने वडा तथा गाउँपालिका स्तरीय R.C.C/P.C.C का कामहरु एकमुष्ठ ठेक्का प्रणालीबाट कार्यान्वयन गर्ने र सो बाहेकका योजनाहरुको हकमा रु. १० (दश) लाख माथिका योजनाहरुको ठेक्का प्रणालीबाट सञ्चालन गर्ने गरी वडाबाट स्वीकृत योजनाहरु पेश गर्ने तथा गाउँपालिका स्तरीय योजनाहरु नियमानुसार ठेक्का तथा उपभोक्ता समितिबाट सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८-** स्थानीय दररेट सम्वन्धमा ।

**निर्णय नं. ८-** आ.व. २०७८।०७९ का लागि विजयनगर गाउँपालिकाको स्थानीय दररेट सर्वसम्मतिबाट स्वीकृत गरियो ।

**प्रस्ताव नं. ९-** खोला ठेक्का सम्वन्धमा ।

**निर्णय नं. ९-** यस गाउँपालिका अन्तर्गतका विसवा र चिरई खोलाको नदिजन्य पदार्थको पुनरावलोकन गरी ठेक्का प्रक्रियामा लैजाने निर्णय गरियो ।

**प्रस्ताव नं. १०-** नियुक्ति सम्वन्धमा ।

**निर्णय नं. १०-** विजयनगर गाउँपालिका अध्यक्षको निजी सचिवालय सहयोगिको रुपमा विजयनगर गाउँपालिका वडा नं. ४, विजयनगर बस्ने गोकर्ण प्रसाद सापकोटालाई नियुक्त गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११-** लिखित जवाफ माग गर्ने सम्वन्धमा ।

**निर्णय नं. ११-** यस गाउँपालिकासँगको करार सम्झौता बमोजिम विभिन्न शाखामा कार्यरत तपसिलका कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक नभएकोले सो को कारण सहितको लिखित जवाफ माग गर्ने र जवाफ चित्त बुझ्दो नभएमा मिति २०७८ भाद्र १ गते देखि करार अवधि थप नगर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो ।

**तपसिल:**

१. अमृत चौधरी, सव इन्जिनियर, प्राविधिक शाखा
२. रामसेवक चमार, असिस्टेण्ट सव इन्जिनियर, प्राविधिक शाखा
३. सुमन खड्का- ना.प.स्वा.प्रा., पशु सेवा शाखा
४. धनलक्ष्मी भट्टराई- ना.प.स्वा.प्रा., पशु सेवा शाखा
५. जानकी चौधरी- ना.प.स्वा.प्रा., पशु सेवा शाखा

**प्रस्ताव नं. १२-** करार सेवा सम्वन्धमा ।

**निर्णय नं. १२-** यस गाउँपालिका अन्तर्गतको भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीको लगत संकलन इकाईमा कामकाज गर्न दरवन्दी अनुसारका कर्मचारी भूमि सम्वन्धि समस्या समाधान आयोगबाट खटिइ आएकाले गाउँपालिकाको आन्तरिक स्रोतबाट पारिश्रमिक उपलब्ध गराउने गरी सेवा करारमा लिइएका तपसिलका कर्मचारीको करार अवधि मिति २०७८ भाद्र १ गते देखि थप नगर्ने निर्णय गरियो ।

**तपसिल:**

१. सौरभ उपाध्याय, अमिन
२. अमिर कुमार चौधरी, नापी फिल्ड सहयोगी

**प्रस्ताव नं. १३-** आर्थिक सहायता सम्वन्धमा ।

**निर्णय नं. १३-** निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिल:-**

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मुजिर्वु रहमान | विजयनगर-७, गणेशपुर | औषधोपचार | रु. ४०,०००।- ( चालिस हजार मात्र) | विपन्न नागरिक उपचार उद्धार तथा सहयोग कार्यक्रम | |
| २ | राम सुरत कोरी | विजयनगर-५, ठकुरापुर | | रु. २०,०००।- ( विस हजार मात्र) | | |
| ३ | श्री राइजिङ्ग स्टार युवा क्लव | शिवराज-५, चन्द्रौटा | खुला भलिवल प्रतियोगिता संचालन | रु. ५०,०००।- (पचास हजार मात्र) | खेलकुद सहयोग कार्यक्रम | |
| ४ | अधुरो शिव मन्दिर निर्माण (राम सुरत कलवार) | विजयनगर-१, गुगौली | अधुरो शिव मन्दिर निर्माण | रु. ६०,०००।- (साठी हजार मात्र) | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |